INTERNATIONAL CHILD RESOURCE INSTITUTE NEPAL
अर्न्तराष्ट्रिय बाल संशाधन संघ नेपाल

global fund for children

# बाल सुरक्षानीति

बालबालिका सुरक्षित, मूल्यवान् र विश्वव्यापी रूपमा प्रतिस्पर्धी हुन सक्ने समाजको परिदृष्टि र बालबालिकालाई जिउन, प्रतिभा विकास गर्न र सफल हुन मद्दत गर्ने ध्येयले बालबालिकाका लागि कामगर्ने संघसंस्था तथा व्यक्तिविशेषले निम्नानुसारका मूलभूत मूल्यमान्यता, मार्गदर्शक सिद्धान्त, बालसंरक्षण नीति, लक्ष्य, प्रतिबद्धता र आचार संहितालाई कार्यपद्धतिका अभिन्न अङ्गका रूपमा बाल सुरक्षानीति अवलम्बन गरौं ।

## मुलभूत मुल्यमान्यता र सिद्धान्त

- बालबालिका विरूद्ध हुने जुनसुकै प्रकारका भेदभावको असहनता (शून्य सहनशीलता)
- गैरराजनीतिक, गैरधार्मिक, गैरस्वनिर्णयात्मक, कर काप रहित पारदर्शी र उत्तरदायी कार्य सञ्चालन
- बालबालिकाको मर्यादा र गोपनीयताको सम्मान
- लैङ्गिक समानता र समावेशिता ।

## बालसंरक्षण नीति

- परिवार, समुदाय, विद्यालय, प्रारम्भिक बालविकास केन्द्र (ईसीडी) र बृहत्तर समाजमा हुन सक्ने सबै प्रकारका दुर्व्यवहार, भेदभाव र शोषणबाट बालबालिकालाई जोगाउने
- बालबालिकाका लागि कामगर्ने सबै कर्मचारी, कार्य समिति सदस्यहरु र सरोकारवालाहरूले बाल संरक्षण नीति पूरापूर पालनगर्ने कुरा सुनिश्चित गर्ने ।
- अन्तरराष्ट्रिय मापदण्डहरु सबैको पालना गर्दै सबै उमेरका सबै बालबालिकाका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने
- शिक्षा, स्वास्थ्यसेवा र सामाजिक सहभागिताका सबै क्षेत्रमा बालबालिकाको सहभागितालाई सहज र सुनिश्चित बनाउने ।

## लक्ष्य

- कार्यक्रम वा क्रियाकलापका नतिजा स्वरूप शून्यहानि अनुभव हुने गरी बालबालिकालाई हानि, शोषण र दुर्व्यवहारबाट जोगाउने
- स्पष्ट र पारदर्शी प्रतिवेदन प्रणालीद्वारा सबै कर्तव्य पालकहरूलाई अनुचित आशङ्का वा गलत आरोपहरूबाट जोगाउने
- बालबिजाइँलाई हतोत्साहित गरी सङ्गठनात्मक सदाचारिता र प्रतिष्ठाको रक्षा गर्ने ।

| प्रतिबद्धता | स्वीकार्य व्यवहार | अस्वीकार्य व्यवहार |
| --- | --- | --- |
| • संरक्षणका जोखिमहरु ले खाजोखा गर्ने र जोखिम व्यवस्थापनका रणनीतिहरु, प्रशिक्षण र प्रत्युक्ति प्रक्रियामा सांस्कृतिक सवालहरूलाई समेट्ने<br>• निवारणात्मक उपायलाई उच्चतम प्राथमिकता र प्रश्रयमा राख्ने<br>• बालसंरक्षणको अवधारणामा अद्यावधिक र प्रशिक्षित हुने<br>• अनुगमन मूल्याङ्कनमा राष्ट्रिय कानुन र प्रक्रियाहरूलाई ध्यानमा र ाख्ने<br>• बालअधिकार अतिक्रमणका आरोप र घटनाहरूको छानबिनमा गोप्यता र संवेदनशीलतालाई उच्चतम प्रयोग गर्ने<br>• अपाङ्गता लगायतका सबै सङ्कटासन्न बालबालिकाको सुरक्षा, सहभागिता र मर्यादा सुनिश्चित गर्ने | • बालसंरक्षण नीतिसँग परिचित र घनिष्ठ र हने व्यवहार<br>• बालबालिकाका जात, वर्ण, लिङ्ग, भाषा, धर्म, सामाजिक (आर्थिक स्थिति, र ाजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य स्थितिको पर्वाह नगरीकन सम्मानपूर्ण व्यवहार<br>• बालबालिकाको सङ्कटासन्न अवस्था निर ाकरण गरी तिनका आशा र मर्यादाको प्रवर्द्धन<br>• बालबालिका सहभागिता प्रवर्द्धन<br>• सेवा प्रदायकमा जवाफदेहीता सुनिश्चित गर्ने प्रयत्न<br>• बालबालिकालाई तिनका अधिकार सम्बन्धी प्रावधानको बारे सुसूचित गर्ने काम<br>• दुर्व्यवहार र शोषणका जोखिम कम गर्न परिवार, विद्यालय र अन्य समुदायको सुदृढीकरण<br>• बालबालिकासँगको कुराकानी र अन्तर्वार्ता गर्दा बालमैत्री पद्धतिको अवलम्बन<br>• शोषण र दुर्व्यवहारका आरोप आए शीघ्रातिशीघ्र प्रतिवेदनतथा खुलासा गर्ने<br>• कार्यसम्पादन गर्दा बालबालिकासँगै अको ' वयस्क व्यक्तिको उपस्थिति निश्चित पारी खुला रूपमा कामगर्ने<br>• बालबालिकाका दृष्टिकोण र भनाइ सुन्ने र सम्बन्धित निर्णय प्रक्रियामा तिनलाई संलग्न हुनदिने<br>• बालबालिकाको सर्वोत्तम हितका लागि विभिन्न परिस्थितिप्रति संवेदनशील भई विभेद-रहित कार्य गर्ने | • बालबालिकाको आत्मसम्मानलाई खतरा वा चोट पार्ने वा तिनमा भावनात्मक र उद्वेगात्मक दुराचार हुन सक्ने अनुपयुक्त, अपमानकारी, हैरान गर्ने, छाडा, हेला हुने, यौनउत्तेजक वा सांस्कृतिक रूपमा असंवेदनशील भाषा प्रयोग वा व्यवहार<br>• सुम्सुम्याउने, समात्ने, अँगालो हाल्ने, चुम्बनगर्ने वा छुनेजस्ता शोषण र दुर्व्यवहार पूर्ण हुने कुनै पनि गतिविधि<br>• बालबालिकालाई कुनै पनि प्रकारको यौन गतिविधि वा कार्यहरूमा संलग्न गराउने क्रियाकलाप<br>• बालबालिकासँग अनावश्यक सम्पर्क<br>• अन्य सदस्यको उपस्थिति विना बालबालिकासँग एक्लै समय बिताउने कुरा<br>• कुनै पनि माध्यमबाट बाल अश्लील चित्रहरूमा पहुँच राख्ने कार्य<br>• कुनै पनि स्वरूपमा बालबालिकालाई शार ीरिक सजाय गर्ने कार्य<br>• उमेर वा विकासको चरणअनुसार अनुपयुक्त हुने अनि शिक्षा, आराम र मनोरञ्जनको समयलाई धक्का पुग्ने वा चोटपटकका जोखिम हुने गरी बालबालिकालाई घरायसी वा अन्य श्रममा लगाउने कुरा<br>• कुनै बालबालिकालाई विशेष रूपले गरिने पक्षपात वा बहिष्करण गर्ने कार्य<br>• बालबालिकालाई तिरस्कार/बेवास्ता/उपेक्षा गर्न सहमति जनाउने कुरा<br>• दिन वा पूरा गर्न नसक्ने कुनै पनि वाचा |

यो सूची आफैमा पूर्ण होइन, आचार व्यवहार अवलम्बन गर्नेरगराउने दायित्व विशेषतः बालबबालिकाका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाका सबै पदाधिकारी तथा कर्मचारी, सदस्यहरु, स्वयंसेवक, प्रशिक्षक, शिक्षक, सहजकर्ताहरु र तिनका परिवारका सदस्यहरूको हुनेछ ।